# परियोजना अवधारणाका लागि आह्वान

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले एशियाली विकास बैंकसँगको सहकार्यमा आगामी २३ फाल्गुण, २०७० (७ मार्च २०१४) मा आयोजना गर्न लागेको Energy for All Investor Forum 2014 (**"सवैका लागि ऊर्जा" लगानी मञ्च, २०१४**) का लागि परियोजना सम्वद्ध अवधारणाहरुका लागि आह्वान गरिएको छ ।

गत फेव्रुवरी २०१३ मा पहिलो मञ्चको सफल समाप्तीसँगै **"सवैका लागि ऊर्जा"** कार्यक्रमले नेपालमा ऊर्जाको पहुच वढाउनका लागि योगदान पुऱ्याउन चाहने उद्यमीहरुलाई परिलक्षित गर्दै थप परियोजनाहरु कार्यन्वयनको लागि सहयोग गर्न लागिरहेको छ । छनौटमा पर्ने योग्य अवधारणाहरु ब्यापार मोडल परिष्करण, वित्तीय मोडलिङ, लगानी संरचनामा सहयोग तथा स्थानीय एवं अन्तर्राष्ट्रिय लगानी संजालहरुमा पहँच प्राप्तीका लागि योग्य रहनेछन् ।

"सवैका लागि ऊर्जा" कार्यक्रम एशिया तथा प्रशान्त क्षेत्रमा ऊर्जा पहुँच तथा लगानी अभिवृद्धिका लागि एशियाली विकास वैंकद्वारा सन् २००८ देखि शुरु गरिएको कार्यक्रम हो । नेपालमा नवीकरणीय/वैकल्पिक ऊर्जाका विविध प्रविधिहरुको विकास/प्रवर्द्धन गर्ने उदेश्यका साथ १८ कार्तिक २०५३ मा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय अन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना भएको थियो । हाल यस केन्द्रले १ श्रावण २०६९ देखि नेपाल सरकारको ५ वर्षे राष्ट्रिय ग्रामिण तथा नवीकरणीय ऊर्जा कार्यक्रम (National Rural and Renewable Energy Programme-NRREP) कार्यान्वयन गरिरहेको छ । सन् २०३० सम्ममा विश्वब्यापी ऊर्जा पहँच स्थापना गर्ने महत्वाकांक्षी लक्ष्य प्राप्तीका लागि नेपाल सरकार तथा एशियाली विकास वैंकले "सवैका लागि दिगो ऊर्जा" (Sustainable Energy for All) तथा $Energy^{+}$ Partnership जस्ता कार्यक्रमसंग निकट साझेदारका रुपमा कार्य गरिरहेका छन् ।

यस मञ्चमा आवेदन दिन इच्छुक संस्था/कम्पनीहरुले परियोजना सम्वन्धि आफ्ना अवधारणाहरु केन्द्रको वेब साइट www.aepc.gov.np मा उल्लेख गरिएको ढाँचामा पठाउनुहुन आव्हान गरिन्छ । परियोजना सम्वद्ध सवै अवधारणाहरु तल उल्लिखित ठेगानामा आगामी ४ फाल्गुण २०७० का दिन भित्रमा पेश गरिसक्नु पर्नेछ । यस्ता अवधारणाहरु investor.forum@aepc.gov.np मार्फत पनि पेश गर्न सकिनेछ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द
खुमलटार, ललितपुर, नेपाल
फोन: ०१-५५३९३९०, पो.ब.नं.-१४३६४